# मिति २०८०/०३/०९ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- १०७

## बैठकका प्रस्तावहरु

१. गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. आ.व.२०८०/०८० को बजेट आर्थिक विधेयक,२०८० स्वीकृत सम्वन्धमा।

३. आ.व.२०८०/०८० विनियोजन विधेयक, २०८०स्वीकृत सम्वन्धमा।

४. निशुल्क शिक्षा ऐन, २०८० सम्बन्धमा।

५. योजनाहरुको अ.ल्या. गर्ने सम्बन्धमा।

६. खेद प्रस्ताव सम्बन्धमा।

७. समसामायिक विविध।

## निर्णयहरु

१. मिति २०८०/०३/१ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गर्दा गत बैठकबाट भएका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन भई रहेको सन्तोष व्यक्त गरियो।

२. राजश्व परामर्श समितिद्वारा पेश भएको आर्थिक विधेयक,२०८० स्वीकृत गरि सभा समक्ष पेश गर्ने निर्णय गरियो।

३. मिति २०८०/०३/०८ गते शुक्रवार प्रस्तावित बजेट तर्जुमा समितिको वैठक विविध कारणवश बस्न नसकेको हुदाँ विषयगत समितिहरुद्वारा प्रस्ताव भई पेश हुन आएका आ.व.२०८०/०८१ को विनियोजन विधेयक स्वीकृत गरि सभा समक्ष पेश गर्ने निर्णय गरियो।

४. विधेयक समितिद्वारा पेश हुन आएको **कपिलवस्तु नगरपालिकाको नि:शुल्क शिक्षा ऐन, २०८०** को स्वीकृत गरि सभा समक्ष पेश गर्ने निर्णय गरियो।

५. चालु आ.व.मा सम्झौता हुन बाँकी र सम्झौता भई कार्यसम्पन्न हुन नसकेका निर्माण सम्बन्धि योजनाहरु आगामि आ.व. मा जिम्मेवारी सार्ने गरि अ.ल्या.गर्ने निर्णय गरियो।

६. कपिलवस्तु नगरपालिकामा मिति २०८०/०३/०८ गते नगर उप-प्रमुख सुनिता गुप्ता ज्यूको श्रीमान् संजय गुप्ता भन्ने धीरज कुमार गुप्ताले राष्ट्रसेवक कर्मचारीहरुलाई लक्षित गरि कार्यालय मै अपशव्द प्रयोग गरि गालि गलौज गरेको एवं कर्मचारीको इज्जत प्रतिष्ठामा नै आँच आउने गरि कामकाजमा बाधा उत्पन्न गरेको घटना प्रति खेद व्यक्त गर्दै निज संजय गुप्ता भन्ने धीरज कुमार गुप्तालाई प्रचलित कानूनी कारबाही गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो। साथै आर्थिक वर्षको समाप्ति (Closing)को समय र नगर सभाको संचालन गर्ने समयलाई समेत मध्यनगर गर्दै सम्पूर्ण कर्मचारीहरुलाई घोषित Pen down को कार्यक्रम स्थगित गरि सहज रुपमा आ-आफ्नो कार्य गर्न अनुरोध गर्ने समेत निर्णय गरियो।

सुदिप पौडेल
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**समसामायिक विविध**

१. आगामि आ.व. २०८०/०८१ को लागि क.ब.न.पा.को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरि नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

२. आगामि आ.व.२०८०/०८१ देखि लागु हुने गरि सम्पत्ति कर तथा मालपोत कर प्रयोजनका लागि साविकमा कायम रहेको जग्गाको न्यूनतम मूल्याङ्कनमा देहाय अनुसार पुनरावलोकन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. कृषि योग्य क्षेत्र | १० (प्रतिशत) थप |
| ख. आवासिय क्षेत्र | १५ (प्रतिशत) थप |
| ग. व्यापारिक क्षेत्र | २० (प्रतिशत) थप |

सुदिप पौडेल
नगर/प्रमुख

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत